प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**चट्याङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१६ । । अङ्क : १३३ ।। २०८१ असार ०९ गते आईतबार (23rd Jun 2024 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

## मोहनमाया मावि देशकै उत्कृष्टमा पर्न सफल



झापा(प्रस)। बिर्तामोड- २ रामचौकमा रहेको मोहनमाया माध्यमिक विद्यालय देशकै उत्कृष्ट विद्यालयमा पर्न सफल भएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सार्वजनिक गरेको देशकै उत्कृष्ट सामुदायिक विद्यालयहरुको सूचीमा झापाको एकमात्र मोहनमाया मावि पर्न सफल भएको हो। राष्ट्रिय परीक्षा बोर्डबाट प्राप्त तथ्यांक अनुसार शिक्षा मन्त्रालयले २०७९ को एसईई परीक्षामा कम्तीमा सयजना विद्यार्थी सहभागी भई समग्र जीपीए ३.२ र सोभन्दा बढी हासिल गर्ने विद्यार्थीको प्रतिशत ३० वा सोभन्दा बढी भएका सामुदायिक विद्यालयहरुको विवरण सार्वजनिक गरेको थियो। सो विवरण अनुसार मोहनमाया देशकै उत्कृष्ट १५ मा पर्न सफल भएको हो। मोहनमायाले २०७९ को एसईई परीक्षामा ११६ जना विद्यार्थी सहभागी भएकोमा ३.२ जीपीएभन्दा बढी ल्याउने ५० जना रहेका छन्। जुन ४३.१० प्रतिशत हो।

यसअघि मोहनमाया मावि झापा जिल्लाकै उत्कृष्ट भएको थियो। एसईई परीक्षामा सबैभन्दा माथिल्लो ग्रेड ३.६० देखि ४ जीपीएमा सबैभन्दा धेरै विद्यार्थी मोहनमायाका विद्यार्थीहरु उत्तीर्ण भएका थिए।

मोहनमाया माविका तर्फबाट ३.६० देखि ४ जीपीएमा सबैभन्दा धेरै २६ जनाले उत्तीर्ण गरेका छन्। त्यस्तै ३.२० देखि ३.६० जीपीएमा २४ जना, २.८० देखि ३.२० जीपीएमा ३६ जना, २.४० देखि २.८० जीपीएमा १४ जना, २.०० देखि २.४० जीपीएमा ११ जना र १.६० देखि २.०० जीपीएमा ४ जना विद्यार्थीले उत्तीर्ण गरेको विद्यालयका प्रधानाध्यापक शेरबहादुर श्रेष्ठले बताए। परीक्षा दिने सबै विद्यार्थी उत्तीर्ण भएका छन्। जिल्लामै मोहनमायाको पठनपाठन उत्कृष्ट रहेको छ।देशकै उत्कृष्ट विद्यालयहरुको सूची अर्थ मन्त्रालयबाट प्रकाशन भएको आर्थिक सर्वेक्षण २०८०-०८१ मा समावेश गरिएको छ।

## आदिवासी राजवंशी प्रतिष्ठानको काममा अवरोध नगर्न चेतावनी

भद्रपुर(प्रस)। भद्रपुर ६ स्थित आदिवासी राजवंशी भाषिक सांस्कृतिक विकास प्रतिष्ठानको भौतिक पूर्वाधार निर्माणमा बाधा नदिन प्रतिष्ठानका पदाधिकारीहरुले चेतावनी दिएका छन्।

२०८० चैतमा निर्वाचित प्रतिष्ठानको पहिलो कार्यसमितिले जग्गा प्राप्ति, तथा संग्रहालय भवन निर्माणको काम अगाडि बढाइरहँदा अध्यक्षका प्रत्यासी रहेका पुकार राजवंशीलगायतले काममा अवरोध दिन खोजेको भन्दै प्रतिष्ठानका पदाधिकारीहरुले त्यस्तो चेतावनी दिएका हुन्।

भद्रपुर ६ स्थित ओमप्रकाश गोयल कोलनीनजिकै रहेको प्रतिष्ठानको भवन निर्माणका लागि ढकेन्द्र राजवंशी, मालचन राजवंशी, कमल राजवंशी, धनमती तामाङ राजवंशी, अर्जुन विष्ट, गणेश अधिकारी र श्यामसुन्दर अग्रवालले एक-एक कट्ठा गरी ७ कट्ठा जग्गा प्रतिष्ठानलाई निःशुल्क दिएका थिए।संग्रहालयका लागि भद्रपुर नगरपालिकाले २० लाख वजेट छुट्याएपछि जग्गा घेरावारा र सडक निर्माण गरिएको प्रतिष्ठानका सचिव विवेक राजवंशीले जानकारी दिए। सचिव राजवंशीले नयाँ समितिले पदभार ग्रहण गरेपश्चात् संस्थालाई व्यवस्थित बनाएको जानकारी दिँदै निर्वाचनमा पराजित भएको रिस पुकार राजवंशीले समितिको काममा पोखेर राजनीति गरेका कारण प्रदेश सरकारबाट आएको २५ लाख रूपैयाँ गुमाउनु पर्ने अवस्था आएको जनाएका छन्।




समितिका उपाध्यक्ष नन्दकुमार राजवंशीले नितान्त सामाजिक संस्थाको रूपमा रहेको प्रतिष्ठानलाई फुटाउन केही व्यक्तिहरू राजनीतिक रंग दिएर समिति असफल भएको हल्ला फिजाएर कब्जा गर्ने रणनीतिमा रहेकाले सबैलाई यथार्थ बुझ्न आग्रह गरेका छन्। कोशी प्रदेश वन वातावरण तथा पर्यटन मन्त्रालयले भाषिक, सांस्कृतिक उत्थानका लागि जातीय संग्रहालय निर्माणका लागि दिएको २५ लाख फिर्ता गराउन संस्थापन समितिमा रहेका तथा प्रथम अधिवेशनमा अध्यक्षमा पराजित व्यक्तिहरु लाग्नु दुःखद भएको उनले बताए।

अध्यक्ष समनसिंह राजवंशीले भद्रपुरमा रहेका राजवंशीसम्बद्ध सबै संस्थाको सहमतिमा साझा संस्थाको रूपमा आदिवासी राजवंशी भाषिक सांस्कृतिक विकास प्रतिष्ठानको गठन भएको जानकारी दिँदै एकतामाथि प्रहार गर्ने जोसुकै बहिष्करणमा पर्ने चेतावनी दिए। भर्खर पाइला चाल्न लागेको संस्थाको विकासमा बाधा सिर्जना गरेर समिति असफल भएको हल्ला मच्चाउनेहरू जातीय उत्थानको बाधक रहेको उनले आरोप लगाए।

अध्यक्षका अनुसार प्रतिष्ठानको ४ करोड ५० लाखको लागतमा राजवंशी जातीय पहिचान झल्कने संग्रहालय निर्माणका लागि प्रदेश सरकार, संघीय सरकारसंग साझेदारी कार्यक्रम प्रस्ताव गरिसकिएकोले भद्रपुरलाई पर्यटकीय गन्तव्य क्षेत्र बनाउन उल्लेख्य योगदान पुग्ने समेत विश्वास रहेको छ।

भद्रपुर ६ का वडाध्यक्ष रतिया राजवंशीले निर्वाचनमा पराजित भएको रिस पोख्नेहरूले रोक्दैमा प्रतिष्ठानको उद्देश्य नछेकिने बताए। उनले सबै समुदाय र वर्गले छुद्रहरू चिन्ने क्रम रहेकाले यस पटक २५ लाख गुमेपनि आगामी दिनमा करोडौं जोडेर संग्रहालय बनाएरै छाड्ने प्रतिबद्धता जनाएका छन्।

## विश्वेश्वरप्रसाद प्रतिष्ठानमा बृहत् साहित्यिक कार्यक्रम

भद्रपुर(प्रस)। विश्वेश्वरप्रसाद कोइराला प्रतिष्ठानको आयोजनामा बृहत् साहित्यिक, साँस्कृतिक र साँगीतिक कार्यक्रम चन्द्रगढीमा सम्पन्न भएको छ।

प्रतिष्ठानका अध्यक्ष गोविन्द लम्सालको अध्यक्षता तथा विश्वेश्वरप्रसाद कोइरालासंग लामो समय साथमा रहेका लेखक, विश्लेषक गिरिराज आचार्यको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विश्वेश्वरप्रसाद कोइरालाले नेपाली साहित्यमा दिएको योगदान र नेपाली साहित्यमा झापाली सर्जक शीर्षकमा विज्ञ सर्जक समालोचकहरुसंग सामूहिक छलफल गरिएको थियो। छलफलमा नेपाली साहित्यमा विश्वेश्वरप्रसाद कोइराला शीर्षकमा प्रा. कविराज न्यौपाने, प्राज्ञ सभा सदस्य मुनाराज शेर्मा र लेखक लेखनाथ भट्टराईले विचार मन्थन गरेर धारणा राखेका थिए भने सहजीकरण लेखक समालोचक विवश पोखरेलले गरेका थिए। यस्तै नेपाली साहित्यमा झापाली सर्जक शीर्षकमा प्रा.डा. गंगाप्रसाद अधिकारी, लेखक डा. रत्नमणि नेपाल र साहित्यकार पुण्यप्रसाद खरेलले तथ्यपरक धारणा राखेको कार्यक्रमको सहजीकरण सर्जक लीला अनमोलले गरेकी थिइन्। गायक अर्जुन खरेल तथा गायिका अनिता पौडेलले गीत संगीत प्रस्तुत गरेका थिए भने कोशी प्रदेशका विभिन्न जिल्लाबाट आएका १२ जना कवि कवयत्रीले आफ्ना कविता वाचन गरेर सुनाएका थिए। केही बालबालिकाले नृत्यसमेत प्रस्तुत गरेका थिए।

## मोटरसाइकल दुर्घटनामा एकको मृत्यु, दुई गंभीर घाइते

झापा(प्रस)। मेचीनगर नगरपालिका वडा नम्बर-१५ लालझोडास्थित भित्री सडकखण्डमा मोटरसाइकल दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। अन्य दुई जना गंभीर घाइते भएका छन्।

शनिवार बिहान अन्दाजी ३:३० बजेको समयमा मेचीनगर नगरपालिका वडा नम्बर-१५ लालझोडास्थित भित्री सडकखण्डमा भद्रपुरबाट धुलाबारीतर्फ आउँदै गरेको प्रदेश १-०१-०१६ प ४१८ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना भएको हो। मोटरसाइकलमा तीनजना सवार रहेका थिए। दुर्घटनामा मेचीनगर नगरपालिका -१० बस्ने अन्दाजी २२ वर्षीय राजिब दनुवारको मृत्यु भएको हो। घाइतेहरुलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएकोमा उपचारका क्रममा बिहान ५:४० बजे राजिब दनुवारलाई चिकित्सकले मृत घोषणा गरेका थिए।



त्यस्तै मेचीनगर नगरपालिका -१० बस्ने अन्दाजी २१ वर्षीय अभिषेक राई र सोही ठाउँ बस्ने अन्दाजी २१ वर्षीय विवेक दनुवार गंभीर घाइते भएका छन्। दुवैको बीएण्डसी अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।






# कोशी प्रदेशको बजेट पारित

झापा(प्रस) ।कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ३५ अर्ब २७ करोड ९३ लाख रुपैयाँको बजेट पारित गरेको छ । प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर मगरले प्रदेशसभामा असार १ गते प्रस्तुत गरेको उक्त बजेट शनिबारको प्रदेशसभा बैठकले पारित गरेको हो ।

प्रदेश सरकारले प्रस्तुत गरेको बजेटमा चालूतर्फ १४ अर्ब ४७ करोड २२ लाख र पुँजीगत तर्फ १६ अर्ब २० करोड २० लाख, वित्तीय व्यवस्थापनबाट २ करोड र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ




४ अर्ब ५८ करोड ५० लाख विनियोजन गरेका छन् ।

जसमध्ये चालू खर्चमध्ये संघीय अनुदानतर्फ फिर्ताका लागि ३ अर्ब रहेको छ । उक्त खर्चको अनुमान गरिएको खर्चको स्रोतमध्ये प्रदेश सरकारको आन्तरिक राजस्व ४ अर्ब ९८ करोड, राजस्व बाँडफाँडबाट १२ अर्ब ४० करोड ८ लाख, संघबाट प्राप्त हुने वित्तीय समानीकरण ८ अर्ब ९४ करोड २२ लाख, सशर्त अनुदान ४ अर्ब १६ करोड ४३ लाख, समपुरक अनुदानबाट ६५ करोड ५० लाख र विशेष अनुदानबाट ७८ करोड १ लाख गरी ३१ अर्ब ९२ करोड ३४ लाख खर्च ब्यहोरिने छ ।

बाँकी नगद मौज्दातबाट ३ अर्ब २५ करोड र वैदेशिक अनुदानबाट १० करोड ५९ लाख ब्यहोरिने उल्लेख छ ।

# एकै गाउँका तीन किशोरी बेपत्ता

झापा(प्रस) । झापाको कमल गाउँपालिका वडा नं ७ को एकै गाउँका १२ वर्षदेखि १७ वर्ष उमेर समूहका किशोरीहरू एकैसाथ हराएको ४ दिन बित्दा पनि पत्ता लाग्न नसकेपछि तिनका परिवारले खोजी कार्य गरिदिन प्रहरी र गाउँपालिकासँग अनुरोध गरेका छन् । १३ वर्षीया जेनिसा श्रेष्ठ १२ वर्षीया दीक्षा ताजपुरिया र १७ वर्षीया सोनिया रिकीयासन बुधवारदेखि बेपत्ता भएको किशोरीहरूका परिवारले जानकारी दिएको कमल गाउँपालिका अध्यक्ष हुकुमसिंह




राईले बताएका छन् । '३ जना एकैसाथ किशोरी हराउनु र ४ दिनसम्म फेला नपर्नु ठूलो चिन्ताको विषय बनेको छ' राईले भने । एकसाथ समूहमै किशोरीहरू बेपत्ता भएको जनाइएको छ । बेपत्ता किशोरीहरूको परिवार र गाउँ नै चिन्तित बनेर चारैतर्फ खोजी गरिरहेको भए पनि केही पत्ता नपाएपछि पालिका र प्रशासनको शरणमा पुगेको बताइन्छ ।

आफ्ना छोरीहरू बेपत्ता भएको घट्नाबारे इलाका प्रहरी कार्यालय दमकमा अभिभावकले लिखित हुलियासहितको निवेदन दिएपछि प्रहरीले खोजी कार्य तीव्र बनाएको र खोजीका लागि विशेष टोली नै परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

गाउँपालिका अध्यक्ष राईका अनुसार गाउँपालिकाले इलाका प्रहरी कार्यालय दमकका प्रमुख निशान थापासँग भेटेर र प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय झापाका प्रमुखलगायतका सुरक्षा निकायका प्रमुखसँग फोनमार्फत किशोरीको खोजीका लागि पहल गर्न अनुरोध गरिएको छ ।

**कोशी...**

सामाजिक अगुवा तथा झापा ११ एफसीका अध्यक्ष जलकुमार गुरुङको प्रमुख आतिथ्यतामा भएको विदाइ कार्यक्रममा उनले खेलाडीहरुलाई उच्च मनोबलका साथ खेल्न प्रोत्साहन गरेका थिए ।

बिदाइ कार्यक्रममा झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष प्रशान्त भण्डारी, संघका अध्यक्ष मनोज बुढाथोकी, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपाने, महासचिव कुशल खतिवडा, व्यवसायी विपिन बजगाईं र नेपाल खेलकुद पत्रकार मञ्च झापाका निवर्तमान अध्यक्ष हिमाल खरेलले शुभकामना व्यक्त गरेका थिए ।

प्रदेशको हक्की टिमका सबै खेलाडी मेचीनगर १५ र १४ तथा भद्रपुर ९ पुँहातुबारीका रहेका छन् । पोखरामा खेल्ने टिमको प्रशिक्षकमा दिपक खतिवडा रहेका छन् ।

टिम कोशीः रिसब चौधरी, सुदिप चौधरी, सन्तोष बेसा, मणिकुमार विश्वकर्मा, रोमन राजवंशी, समिर चौधरी, रोहित राजवंशी, उत्तम चिमरिया, बिसन मर्डी, राजु तिवारी (किपर) ।

# बिर्तामोडमा छ वर्षमा ९१ किलोमिटर सडक कालोपत्रे

झापा(प्रस) ।झापा जिल्लाकै प्रमुख व्यापारिक केन्द्रको रुपमा परिचित बिर्तामोड नगरपालिकाले छ वर्षका अवधिमा सडक पूर्वाधारको विभिन्न योजना सम्पन्न गरेको छ । बिर्तामोड नगरपालिकाका प्रमुख पवित्रा महतारा प्रसाईले सडक कालोपत्रे, ग्राभेलिङ, पेवर्स बिछ्याउने, पुल, कल्भर्ट बनाउने काम जारी रहेको बताइन् ।

उनका अनुसार छ वर्षको अवधिमा ९१ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको



छ । नगरमा दुई सय ८७ किलोमिटर कच्ची सडकमा ग्राभेलिङ गरी स्तरोन्नति गरिएको छ । “हामीले सुरुमा सडक, पुल, कल्भर्ट जस्ता भौतिक पूर्वाधारको कार्यलाई प्राथमिकतामा राखेर काम गर्यौं”, उनले भनिन्, “अबको लक्ष्य शिक्षा, स्वास्थ्य र कृषिलाई अघि बढाउने छ ।”

नगर क्षेत्रमा एक सय ८४ ठूला साना कल्भर्ट, २७ किलोमिटरमा पेवर्स तथा ब्लक बिछ्याउने काम भएको छ । सो अवधिमा विपन्न समुदायका लागि पाँच सय ३७ आवास निर्माण गरिएको पालिकाका योजना अधिकृत जयप्रसाद तिम्सिनाले जानकारी दिए ।

उनका अनुसार पालिकाले तीन वटा झोलुङ्गे पुल, आठ वटा फलामे पुल र दुई सय ३४ किलोमिटर क्षेत्रमा तटबन्ध गरेको छ ।

खानेपानीका लागि छ हजार तीन सय ८० मिटरमा पाइपलाइन विस्तार गरेको छ । आगामी पाँच वर्षभित्रमा प्रदेश र संघीय सरकारसँगको समन्वयमा डिजिटल सेवा प्रवाहका लागि प्रविधियुक्त प्रशासकीय भवन, डोमालाल रङ्गशालाको स्तरोन्नति, देवी हाटमा बहुतले पार्किङसहितको व्यावसायिक भवन निर्माणको लक्ष्य लिइएको छ । नगरपालिकाले सुविधा सम्पन्न नगर अस्पताल निर्माण गरेर सेवा दिइरहेको छ ।


# कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड ४ झापाको

# कर्जा चुक्ता गर्ने बारेको जरुरी सूचना

यस संस्थाको विभिन्न सेवाकेन्द्रहरुमा तपशिलमा उल्लेखित ऋणीहरुले समुह तथा धितो लगानीमा व्यवसायिक कर्जा शीर्षक अन्तर्गत यस संस्थाबाट लिएको ऋणको साँवा, ब्याज र हर्जना लगायत अन्य रकम समेत यस संस्थासँगको शर्त र तोकिएको भुक्तानी तालिका बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण सम्बन्धी शर्त बन्देज उल्ल+ङ्घन गर्नुभएकोले पटक-पटक लिखित तथा मौखिक तार-तागेता गर्दा एवम् प्रत्यक्ष भेटघाट तथा सम्पर्क गरी ऋण चुक्ता गर्न अनुरोध गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गरी हालसम्म पनि ऋणको साँवा,ब्याज तथा हर्जना नबुझाएको हुँदा यो ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिन भित्रमा संस्थामा सम्पर्क गरी संस्थालाई बुझाउनुपर्ने साँवा रकम र सो दिनसम्मको लाग्ने ब्याज र हर्जना समेत सम्पूर्ण रकम चुक्ता गर्न गराउनुहुन तपाई ऋणी सदस्य तथा साक्षी/जमानीकर्ता लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ ।अन्यथा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी यस संस्थासंग गरेको लिखत/तमसुक बमोजिम ऋणी तथा ऋणीको एका संगोलमा रहेका सदस्यहरुको स्थानीयस्तरबाट पाईने सेवा सुविधाबाट बञ्चित गराउनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने, ऋणी तथा जमानीकर्ताको तिन पुस्ते विवरण सहकारी कर्जा सूचना केन्द्रको कालो सूचीसम्बन्धी निर्देशबमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा नाम समावेश गर्ने साथै धितो दिएको जग्गा लिलाम गरी असुल उपर गर्ने जस्ता कारवाही गरी लेना रकम असुल गरिने ब्यहोरा यसै सूचनाद्वारा जनकारी गराईन्छ ।

नोटः- कुनै पनि ऋणी सदस्यज्यूहरुले २०८१ आषाढ ३० गते भित्रमा शत-प्रतिशत ब्याज बुझाई कर्जा नविकरण वा पुनर्तालिकिकरण गर्न चाहेमा सो अवसरबाट भने बन्देज नगरिने ब्यहोरा समेत अनुरोध गरिन्छ ।

| क्र.स. | ऋणीको नाम | ठेगाना | बाबु/बाजे/पति | सेवाकेन्द्र |
|---|---|---|---|---|
| १ | साबित्रा खनाल | कन्काई - ३ , झापा | बाबुः- नेत्र प्रसाद खनाल<br>पतिः- खेमनाथ मिश्र | सुरुङ्गा, झापा |
| २ | मनोज दहाल | कन्काई - ३ , झापा | बाबुः- नयनाथ दहाल<br>बाजेः- लक्ष्मी प्रसाद दहाल | सुरुङ्गा, झापा |
| ३ | मन बहादुर बेघा | शिवसताक्षी-११ , झापा | बाबुः- बलराज लिम्बु<br>बाजेः- लाल बहादुर लिम्बु | सुरुङ्गा, झापा |
| ४ | अम्बिका नेपाली | कन्काई - ६, झापा | बाबुः- लक्ष्मण दर्जी<br>पतिः- सरोज कुमार मोते | सुरुङ्गा, झापा |
| ५ | टंक प्रसाद ढकाल | रतुवामाई - १० , मोरङ्ग | बाबुः- कृष्ण प्रसाद ढकाल<br>बाजेः- डिल्लीराम ढकाल | सोमबारे , मोरङ्ग |
| ६ | तजेमुल हुसेन | बाह्रदशी-५, झापा | बाबुः- खलिल मिया<br>बाजेः- लतिल | राजगढ, झापा |
| ७ | गुड्डी जैसवाल | बाह्रदशी - ३ , झापा | बाबुः- जगदिस चौधरी<br>पतिः- दिनेश कुमार भगत | राजगढ, झापा |
| ८ | तारा पराजुली | बेलबारी - ३ मोरङ्ग | बाबुः- श्री प्रसाद उप्रेती<br>पतिः- लक्ष्मी प्रसाद पराजुली | बेलबारी, मोरङ्ग |
| ९ | पर्शुराम आचार्य | सुन्दरहरैचा -७ मोरङ्ग | बाबुः- प्रेम प्रसाद आचार्य<br>बाजेः- जगन प्रसाद आचार्य | बेलबारी, मोरङ्ग |
| १० | देवेन्द्र न्यौपाने | दमक .- ७, झापा | बाबुः- तिल बहादुर न्यौपाने<br>बाजेः- दल बहादुर न्यौपाने | दमक , झापा |
| ११ | मनीकुमारराई | दमक - ५, झापा | बाबुः- आसमान राई<br>बाजेः- रण बहादुर राई | दमक , झापा |
| १२ | बिकास भट्टराई | दमक - ६, झापा | बाबुः- रामजी भट्टराई<br>बाजेः- झंक प्रसाद भट्टराई | दमक , झापा |
| १३ | मुकुन्द उप्रेती | दमक -९, झापा | बाबुः- जिवनाथ उप्रेती<br>बाजेः- छबिलाल उप्रेती | दमक , झापा |
| १४ | भिम कुमारी मगर | दमक -३, झापा | बाबुः- पदम बहादुर मगर<br>बाजेः- नर बहादुर मगर | दमक , झापा |
| १५ | वेद बहादुर बानिया | रतुवामाई - ७ , मोरङ्ग | बाबुः- चनद्र बहादुर बानिया<br>बाजेः- नैन बहादुर बानिया | दाम्राभिटा, मोरङ्ग |
| १६ | दामोदर प्रसाद गैरापिप्ली | रतुवामाई -६, झापा | बाबुः- मदन प्रसाद गैरापिप्ली<br>बाजेः- देवी प्रसाद गैरापिप्ली | दाम्राभिटा , मोरङ्ग |
| १७ | चन्द्र प्रसाद राजवंशी | बाह्रदशी.-२, झापा | बाबु-फुलकचन राजवंशी<br>बाजे-भावलाल राजवंशी | मंगलबारे, झापा |
| १८ | देवेन्द्र बिश्वकर्मा | मिक्लाजुङ्ग - ३ मोरङ्ग | बाबुः- तुलसी बहादुर बिश्वकर्मा<br>बाजेः- धन बहादुर बिश्वकर्मा | मधुमल्ला, मोरङ्ग |
| १९ | राजेश बास्कोटा | मे.न.पा. - ४, झापा | बाबुः- कृष्ण बहादुरबास्कोटा<br>बाजेः- केशरनाथ बास्कोटा | भृकुटी, झापा |
| २० | निर्मल कुमार राजवंशी | भद्रपुर .-१०, झापा | बाबु-चैन बहादुर राजवंशी<br>बाजे-कदु राजवंशी | भद्रपुर, झापा |
| २१ | रजनी राउत | बिर्तामोड - ८, झापा | बाबुः- बिष्णु बहादुर राउत<br>पतिः- घनेन्द्र कुमार पाण्डे (जीपी) | बिर्तामोड, झापा |
| २२ | धैरज प्रसाद राजवंशी | बिर्तामोड - २, झापा | बाबुः- बानालाल राजवंशी<br>बाजेः-कहर सिंह | बिर्तामोड, झापा |
| २३ | सन्जिला खातुन | बिर्तामोड - १ , झापा | बाबुः- ईमाद मिया<br>पतिः- हेमिद मिया | बिर्तामोड, झापा |
| २४ | शोभा फेदापे | बिर्तामोड - ६ , झापा | बाबुः- गंगा प्रसाद फेदापे<br>बाजेः- मन प्रसाद फेदापे | बिर्तामोड, झापा |
| २५ | डिल्लीराम कडेल | बिर्तामोड.-१०, झापा | बाबु-कमला पती कडेल<br>बाजे-परमानन्द कडेल | बिर्तामोड, झापा |

| क्र.सं. | ऋणीको नाम | ठेगाना | बाबु/बाजे/पति | सेवाकेन्द्र |
|---|---|---|---|---|
| २६ | सुकदेब भण्डारी | बिर्तामोड - ४, झापा | बाबुः- देवी प्रसाद भण्डारी<br>बाजेः- ईश्वर भण्डारी | बिर्तामोड, झापा |
| २७ | अमन कुमारपौडेल | हल्दीबारी -२, झापा | बाबुः- अर्जुन कुमार पौडेल<br>बाजेः- कलाधर पौडेल | बिर्तामोड, झापा |
| २८ | ईश्वरी उप्रेती | शिवसताक्षी - ५ , झापा | बाबुः- जय नारायण उप्रेती<br>बाजेः- धनपती उप्रेती | शिवगञ्ज , झापा |
| २९ | गिता मगर | शिवसताक्षी -६, झापा | बाबुः- टेक बहादुर मगर<br>पतिः- हरिकृष्ण अधिकारी | शिवगञ्ज , झापा |
| ३० | शंकर प्रसाद सेडाई | बिर्तामोड-२, झापा | बाबुः- कृष्ण प्रसाद सेडाई<br>बाजेः- लक्ष्मी प्रसाद सेडाई | लक्ष्मीपुर, झापा |
| ३१ | मञ्जु पनेरु | बाह्रदशी - ६, झापा | बाबुः- हरि प्रसाद कट्टेल<br>पतिः- जीवन पनेरु | लक्ष्मीपुर, झापा |
| ३२ | घनश्याम पौडेल | बिर्तामोड -२, झापा | बाबुः- टिकाराम पौडेल<br>बाजेः- हरि प्रसाद पौडेल | लक्ष्मीपुर, झापा |
| ३३ | पूर्णकुमारी देवान | कमल- ३, झापा | बाबुः- जय बहादुर देवान<br>पतिः- छत्रहाङ्ग फागो | लखनपुर , झापा |
| ३४ | बेदमाया तिरुवा | दमक - ७ , झापा | बाबुः- जसमान चेम्जोङ्ग<br>पतिः- बेद कुमार तिरुवा | लखनपुर , झापा |
| ३५ | तेज बहादुरराई | कमल- ४, झापा | बाबुः- लिला बहादुर राई<br>बाजेः- धन बहादुर राई | लखनपुर , झापा |
| ३६ | ईन्द्र प्रसाद सिटौला | दमक .-५, झापा | बाबु-कृष्ण प्रसाद सिटौला<br>बाजे- टिकाराम सिटौला | उर्लाबारी ,मोरङ्ग |
| ३७ | बिष्णु प्रसाद न्यौपाने | बिर्तामोड - ५, झापा | बाबुः- काशीनाथ न्यौपाने<br>बाजेः- धनेश्वर न्यौपाने | उर्लाबारी ,मोरङ्ग |
| ३८ | पदम बहादुरराई | अर्जुनधारा - १०, झापा | बाबुः- बाघ कुमार राई<br>बाजेः- लालध्वज राई | चारआली, झापा |
| ३९ | सुश्री कुन्तला कन्दङ्गवा | बिर्तामोड- ६, झापा | बाबुः- कबिरघोष कन्दङ्गवा<br>पतिः- गंगा प्रसाद फेदापे | कृषिथोक, झापा |
| ४० | रबिन सिटौला | बिर्तामोड - ७, झापा | बाबुः- देवी भक्त सिटौला<br>बाजेः- ब्रम्हलाल सिटौला | गरामनी , झापा |
| ४१ | रमेश प्रसाद सिटौला | बिर्तामोड - ७, झापा | बाबुः- देवी भक्त सिटौला<br>बाजेः- ब्रम्हलाल सिटौला | गरामनी , झापा |
| ४२ | लक्ष्मी प्रसाद सिटौला | बिर्तामोड - ७, झापा | बाबुः- देवी भक्त सिटौला<br>बाजेः- ब्रम्हलाल सिटौला | गरामनी , झापा |
| ४३ | भिम प्रसाद घिमिरे | हल्दीबारी - १, झापा | बाबुः- देवी प्रसाद घिमिरे<br>बाजेः- दधिराम घिमिरे | गोलधाप, झापा |
| ४४ | केशवराज कार्की | हल्दीबारी -१, झापा | बाबुः- मनबहादुर कार्की<br>बाजेः- नरबहादुर कार्की | गोलधाप, झापा |
| ४५ | बुद्धलक्ष्मी आचार्य | अर्जुनधारा -२, झापा | बाबुः- डिल्ली प्रसाद ओझा<br>पतिः-पूर्ण प्रसाद आचार्य | खुदुनाबारी, झापा |
| ४६ | योगेन्द्र थापा | सूर्योदय-६, ईलाम | बाबुः- खड्ग बहादुर थापा<br>बाजेः- हेम बहादुर थापा | हर्कटे, ईलाम |
| ४७ | पुण्य प्रसाद प्रसाई | बिर्तामोड-३, झापा | बाबुः- बिष्णु प्रसाद प्रसाई<br>बाजेः- जनक लाल प्रसाई | सैनिक मोड, झापा |
| ४८ | आजाद अली | झापा गा.पा.- ३, झापा | बाबुः- अफसर अली<br>बाजेः-कैस अली | शरणामती, झापा |
| ४९ | हजरत अली | झापा गा.पा. , झापा | बाबुः- नगिर हुसेन मिया<br>बाजेः- सबकतुला | शरणामती, झापा |
| ५० | टंक प्रसाद सुवेदी | झापा गा.पा.-२, झापा | बाबुः-देव नारायण सुवेदी<br>बाजेः-लछुमन सुवेदी | शरणामती, झापा |


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## आई एम कमिङ फर यू!



• सुदर्शन अधिकारी

दर्जनौं दिन, दर्जनौं पल्ट रटिसकेपछि पनि
परीक्षामा बसेर
सम्झिनै सकेको थिइनँ-
नौ एकान नौ
नौ दुना अठार...
नौ साता?

त्यो परीक्षाको नतिजामा
'नौ'को गुणान तालिकाको जुन असर रह्यो
सोचेँ-
कास एक पटक फेरि पढ्थें त्यो तालिका।

डाक्टरी पढ्न दिएको प्रवेश परीक्षामा
गल्ती लगाएँ
केही बहु उत्तर प्रश्नहरूको जवाफ
जब डाक्टर पढ्ने विद्यार्थीहरूको नाममा मेरो नाम अटाएन
सोचेँ-
कास एक पटक अझै पढेको हुन्थें
भएका सबै नोट, पुस्तकहरू।

लोक सेवाको परीक्षामा
नआउला भनेर छोडेको प्रश्न आइदिएपछि
आउला भनेर सोचेको नाम आइदिएन
सोचेँ-
कास त्यत्ति एउटा प्रश्न नछोडेको हुन्थें।

दुई बल, दुई रन
अगाडि इतिहासले कुरिरहेको थियो
पछाडि अनुभवले तानिरहेको थियो
अनुभवले जित्यो,
इतिहासले हा-यो
सोचेँ-
कास त्यो एक मिनेट मेरो श्वासले फुकेर
गुल्सनलाई थोरै धकेलिदिन सक्थें।

जसलाई जति माया लागे पनि
जसले जति ख्याल राखे पनि
असफल भएपछि असफल हुनेहरू जसरी दुख्छन्
दुखेको देख्नेहरू त्यसरी दुख्न सक्दैनन्।
गुल्सन,
तिमी जसरी दुख्यौ, दुखिरहेछौ
तिमी जति अरूले दुख्न सक्दैनन्
नेपाली टिम,
तिमी चर्किए जति अरूले चर्किन सक्दैनन्।

अब गुल्सनहरू मात्रै किन?
खेलहरू मात्रै किन?
हामीले पनि हाम्रो जिन्दगीको लागि त्यही सिक्नुपर्नेछ
जे खेलाडीहरूले खेलको लागि सिक्नेछन्
असफलताले जहाँ दुखाएको छ
त्यही ठाउँ समातेर उठ्नु पर्नेछ हामीले
जिन्दगीको परीक्षामा त्यसरी उठ्नु पर्नेछ
जसरी उठेपछि फेरि नलागोस्-
कास यसरी नउठेको हुन्थें।
डियर जिन्दगी,
म तैंले फेरि लडाउनै नसक्ने गरी आउँदै छु
आई एम कमिङ फर यू!

# शाखा अधिकृतको प्रेम प्रस्ताव !



• विष्णु ज्ञवाली

भोलिपल्ट बिहान ११ बजे लोक सेवाको परीक्षा थियो। प्रदेश लोक सेवा आयोगले लिने परीक्षा काठमाडौंबाट पोखरा पुग्नु पर्ने। दिनमा भन्दा रातिको यात्रा अलिक सहज ठानेर रात्रि बसको टिकट बुक गरेँ। साँझ लगभग आठ बजेतिर बस कलङ्कीबाट छुट्यो।

बिहान पोखरा पुग्न गाडीमा ३० मिनेटको बाटो बाँकी थियो, अधिपछि खासै जाम नहुने पोखरामा त्यो दिन भने निकै जाम। मात्रै दुई पाङ्ग्रे सवारी पास भइरहेका थिए। बाटो खुल्ने आशा गर्दागर्दै घडीमा ९:२० भयो तर अवस्था भने यथावत्। त्यसपछि मेरो मन छटपटिन थाल्यो। म आत्तिएको देखेर पछाडिको सिटमा बसेको दिदीले सोध्नुभयो, 'केही समस्या भयो र नानी?'
मैले आफ्नो परीक्षा भएको र १०:३० मा परीक्षा केन्द्रमा पुग्नु पर्ने बताएपछि दिदीले बाइकमा लिफ्ट मागेर जाने सल्लाह दिनुभयो। सोही अनुरूप म गाडीबाट झरेर एउटा बाइक रोकाएँ। मेरो प्रस्ताव स्वीकार गरी उहाँले पछाडि बस्न आग्रह गर्नुभयो। केही अगाडि पुगेपछि मेरो परिचयसँगै कुन विद्यालयमा सेन्टर रहेको सोध्नु भयो। मैले जवाफ फर्काएँ। विद्यालयको गेटमा पुगेपछि मैले धन्यवादका शब्दहरू प्रकट गर्न नपाउँदै आफूले लगाएको हेलमेट र मास्क खोल्दै पुनः प्रश्न गर्नुभयो, 'मलाई चिन्नु भयो त?'

त्यो उही अनुहार थियो जोसँग त्रिभुवन विश्वविद्यालयको लाइब्रेरीमा पटक पटक आँखा जुधिरहन्थे।
'हजुर कसरी यहाँ?' मैले प्रतिप्रश्न गरेँ।
''अहिले दुवैलाई हतार छ फेरि कुरा गरौंला,' उहाँले बाइक अगाडि बढाइहाल्नु भयो। म परीक्षा सकाएर काठमाडौं फर्किएँ।
डेरामा पुगेर नेट अन गर्नेबित्तिकै फेसबुकमा एउटा फ्रेन्ड रिक्वेस्टको नोटिफिकेसन आयो। प्रोफाइल खोलेर हेरेँ, तस्बिर उहाँको नै थियो। बायो हेरेँ जहाँ सबैभन्दा माथि शाखा अधिकृत एट नेपाल सरकार लेखिएको थियो।



हत्तपत्त साथी बन्ने प्रस्ताव स्विकार्दै म्यासेज बक्समा एउटा म्यासेज छाडेँ, 'बधाई छ अनि मलाई यति ठुलो सहयोग गर्नुभयो, धेरै धेरै धन्यवाद पनि।'
हामी लोक सेवाको तयारी गर्ने क्रममा लाइब्रेरीमा लगभग सँगसँगै हुन्थ्यौं तर बोलचाल भएको थिएन।
रातिको लगभग १० बजेतिर म्यासेजको रिप्लाई आयो, 'मलाई धन्यवाद दिइरहनु पर्दैन। बरु म एउटा प्रस्ताव राख्छु मान्नुहुन्छ?'
मेरो मनमा कता कता डर लागेजस्तो भयो तैपनि 'हुन्छ भन्नुस् न कस्तो प्रस्ताव?' उहाँलाई बोल्नका लागि बाटो खुला गरिदिएँ।

उहाँले मसँग भेटेर कुरा गर्ने चाहाना व्यक्त गर्नुभयो। त्यसमा मैले पनि सहमति जनाएँ र भोलिपल्ट उहाँ काठमाडौं फर्किएपछि नयाँबजारको एउटा क्याफेमा कफी खाने सल्लाह भयो।
हामीले तोकेकै समयमा दुवै जना पुग्यौं। फर्मल सेतो सर्ट र कालो पेन्टमा हुनुहुन्थ्यो उहाँ। अग्लो पातलो ज्यानमा खुब सुहाएको थियो त्यो पोसाक। कफी खाँदै गर्दा हाम्रा केही औपचारिक कुरा मात्रै भए। साँझ झमक्कै परेकाले हामी क्याफेबाट निस्कियौं। उहाँले मेरो हातमा प्लास्टिकले र्‍याप गरेको सामान थमाउँदै बिदा हुनुभयो।
म अचम्भित भएँ र हतार हतार डेरामा पुगेर त्यो खोलेँ। त्यहाँ एउटा पुस्तक थियो। साहित्यकार सुबिन भट्टराईको उपन्यास 'प्रिय सुफी' सँगसँगै एउटा सेतो पेपरमा कालो अक्षरले लेखिएको प्रेम पत्र।
मेरो मुटुको धड्कनले असामान्य गति लिन थाल्यो। केहीबेरमा त्यो प्रेम पत्र पढ्ने साहस बटुलेर पत्र खोलेँ जसमा उहाँले साथीको माध्यमबाट धेरै अगाडिदेखि नै चिनेको र मलाई देख्नैका लागि लाइब्रेरी गइरहने, आफू एकतर्फी प्रेममा रहेको कुरा व्यक्त गर्नुभएको थियो। अन्तिममा लेखिएको थियो- 'सरकारी जागिर नखाएसम्म तिमी सामु मनको कुरा राख्ने दुस्साहस गर्न सकिनँ, त्यसको लागि सरी।'
म नतमस्तक भएँ, सङ्घर्षको समय बिरानो सहर एउटा मन मिल्ने साथीको अभाव त आखिर मलाई पनि त खड्किरहेकै थियो। साँच्चिकै मेरो जीवनमा अब मैले चाहेजस्तै साथीको आगमन भएकै हो त? यस्तै कुरा सोच्दासोच्दै रातभर खासै निद्रा परेन। बिहान ५ बजेतिर उहाँलाई म्यासेज छाडेँ, 'साँझ एकैछिन भेटौं न।' उति बेलै सहमति जनाएको प्रतिक्रिया आयो।
साँझ ७ बजेतिर हामी पाँगा दोबाटोमा भेट्यौं र माथि उमा महेश्वरीको मन्दिरतर्फ लम्कियौं। उहाँ अलिक असहज महसुस गर्नु भएको थियो, सायद त्यो प्रेम पत्रको प्रतिक्रिया नपाएर पो हो कि!
मन्दिरमा पुगेपछि हामी छेउतिर बस्यौं, कीर्तिपुरको दृश्य देखिने गरी। उहाँको हातमा स्पर्श गर्दै भनेँ, 'हजुरको प्रस्ताव मलाई पनि मन्जुर छ।'
यत्ति भन्दै गर्दा हामी दुवैका आँखामा आँसु भरिइसकेको थियो। सायद हामी दुवैले एउटा सहारा पाएका थियौं, आफ्नोपन पाएका थियौं।
त्यसपछि उहाँले आफू शाखा अधिकृत पदमा पोस्टिङ हुँदासम्म गरेको सङ्घर्ष सँगसँगै लामो समयदेखि नियाल्नु भएको मलाई शब्दमा उतार्दै गर्दा मैले आँसु रोकन सकिनँ। उहाँले मेरा आँखाका आँसुहरू पन्छ्याउनु भयो र हामी एकअर्काको अँगालोमा कसियौं।
म झसङ्ग ब्युँझिएँ। बाहिर चकमन्न अँध्यारो, यताउता कोठाको भित्तो अनि म ओछ्यानमा थिएँ हत्तेरी! सपना पो रहेछ। कस्तो सपना देखेछु!
उठेर छेउमा भएको बोतल खोलेर पानी खाएँ। साँच्चिकै सपनामा देखिएका उहाँलाई बिपनीमा भेट्ने सौभाग्य प्राप्त होला त?

# धेरै धन्यवाद भूपू माया !



• संगम गिरी

हरेकले जस्तै हामी पनि धेरैजसो भविष्यकै कुरा सोच्ने गर्थ्यौं। जहिले जसरी सोचे पनि सधैं सँगै हुने, देशमै बस्ने अन्तिम निष्कर्ष हुन्थ्यो। एसएलसी दिंदाको प्रेम धेरैजसो कुरा काँचा नै हुन्थे। उही सधैंको सबैको जस्तो म तिमीबिना त बाँच्नै सक्दिनँ। तर केटाकेटी उमेरमा पनि अलिक पाकी थिई ऊ, मलाई सम्झाउँथी पनि।
म अलिक चन्चले ठट्यौली पाराको, ऊ अलि शान्त, गम्भीर अनि भविष्यमुखी थिई। हरेक परिस्थितिलाई म उडाएर लैजान्थें, ऊ भने सबै पाटा केलाउन लाग्थी। कति पटक त मैले 'भागेर बिहे गरौं' भनेर जबरजस्ती पनि गरेँ। तर ऊ सधैं इन्कार गर्थी र भन्थी, 'अझै १२ सकेको छैन, यति चाडै बिहे गरेर के गर्ने हो? मुगलान पस्ने? मलाई नेपाल छोडेर आफू साउदी जाने? राम्रोसँग पढेर नेपालमै बस्नु पर्छ दुई जना सँगै। बिहे गर्न किन हतार गर्न पर्‍यो?'
१९ वर्षमै यस्तै यस्तै कुराले सम्झाउँथी। अनि म पनि हो त है भन्दै सहमति जनाउँथें।
म १२ उत्तीर्ण गरिसक्दा उसको मेडिकल कोर्स सकिएको थिएन। उसलाई दुवै जना नेपालमै बस्नुपर्छ भन्ने मात्र थियो जसरी हुन्छ। मलाई भने सरकारी जागिरमा आकर्षण थियो। म अब लोक सेवा तयारी गर्ने निधो गरेँ। ऊ भने पहिला पढाइ सक्छु, त्यसपछि आयोग पढे पनि पढम्ला, व्यापारतिर लागे पनि लागम्ला भन्थी।
मेरो लोक सेवा तयारी सुरु भयो। मन, तन लिएर पढ्न लागेँ। बेला बेला यत्रो प्रतिस्पर्धा देखेर आत्तिन्थें। ऊ सम्झाउँथी- सक्नुहुन्छ, पढ्नुस्, बल्ल तयारी गर्दै हुनुहुन्छ अनि आँट आउँथ्यो मलाई, म अध्ययनमै लाग्थें।

एक दुई परीक्षामा अनुत्तीर्ण हुँदा मबाट लोक सेवा हुँदैन, म सक्दिनँ भनी हार खान्थें। ऊ मलाई आँट, भरोसा र हिम्मत दिन्थी।
केही समयपछि उड्डयन क्षेत्रको लोक सेवा पास भएँ। म के खुसी थिएँ र जति ऊ थिई। हतपतिँदै फेसबुकमा पोस्ट गरेकी थिई- 'बधाई छ माई बोय, किप इट अप।'
अझ भन्दै थिई, 'मेरो बाबाले पोस्ट देखेर छोरी भन्दै मुस्कुराउनु भयो। अब त बाबा पनि रेडी हुनुहुन्छ होला हाम्रो बिहेको लागि।'
'खुसीको सीमा थिएन।
समय बित्दै गयो, ऊ मबाट टाढिन लागी। झगडा नभएको दिन हुन छाड्यो, सधैं झगडा। केही कुरा भयो सम्झाउन खोज्यो कि भन्थी- 'तँरै अफिसमा राम्रा केटी होलान् नि, म नराम्री भएँ, बढी बोल्ने भएँ...' यस्तै यस्तै। बेला बेला त लाग्थ्यो खाएको जागिर पनि छोडौं उसको लागि, प्रेमको लागि।
यस्तै चलिरह्यो, दुई मिनेट नबोल्दा आत्तिने ऊ दुई दिन नबोली बस्न सक्ने भई, दुई हप्ता नबोली बस्न सक्ने भई।
बिस्तारै कुरा पातलिँदै गयो। एक दिन ब्लक नै गरिछे। फोन हान्न खोजेँ, त्यो पनि ब्लक। नयाँ सिम लिएर फोन हानेँ, हेलो नभन्दै चिनिसकी र भनी, 'कल हान्नु पर्दैन अबदेखि मलाई, केही नाता छैन तिमीसँग, ए साँची म तिमीलाई चिन्दा पनि चिन्दिनँ।'
यो सुन्दा आँसुको खोला बग्यो, सिरानीको खोल बिना गल्ती भिज्यो, शरीरको टिसर्ट बिना गल्ती च्यात्तियो। त्यो रात १ वर्षभन्दा लामो भइदियो। समयले पनि मेरै विरुद्ध लाग्यो, सर्दै सरेन। जनतन बिस्तारै आफूलाई सम्हाल्दै गएँ। सहज थिएन उसको यादबाट टाढा रहन, हरेक घटनासँग ऊ जोडिएकी थिई। अब त पढाइ पनि बिग्रिसक्यो।
अफिसमा गल्तीहरू बढ्न थाले, हाकिमका गाली पनि बढ्दै गए। एक दिन त निलम्बन गर्ने सम्मकै गल्ती गरेछु। कुरा उठेको थियो धन्न जनतन कुरा मिल्यो, एक पटकलाई माफी पाएँ। तर आफूलाई कन्ट्रोल गर्न भने गाह्रै परेको थियो। दिन बित्दै गयो, बिस्तारै उसको यादबाट मुक्ति पाउँदै गएँ।
एक दिन उसको साथीको मेसेज आयो, 'संगम सन्चै छौ?'

'उम् ठिकै छ, तिम्रो के छ सुनाऊ न,' जवाफ फर्काएँ।
'के हुनु सबै ठिक छ, तिमी पो जागिरे भयौ। आफ्नो हालत यस्तै छ दिक्क लाग्छ,' केही असफलताको बिम्ब झल्काउँदै भनिन्।
'न आत्तिऊ न, समय सबैको आउँछ। मेहनती नै छौ, एक दिन पक्कै सफलता मिल्ने छ,' सान्त्वना दिँदै भनेँ।
'उम हो त्यो त, अनि सुन न तिमी एउटा कुरा थाहा पायौ?' प्रश्न गरिन्।
'खै के कुरा हो भन न, नयाँ केही थाहा पाएको छैन,' मधुर स्वरमा जवाफ फर्काएँ।
'हो र, तिम्रो भूपूको त बिहे हुने भयो रे नि। निम्तो आएन?' जिस्काउँदै भनिन्।
'ए ए हो र, साँच्चै? कोसँग हुने भएछ? कहिले रहेछ? केटा के गर्नी रहेछ?' प्रश्नमाथि प्रश्न गरेँ।
'उम हो, तिमीसँग किन झूट बोल्नु, असोजको १३ गते हो रे बिहे त, केटा युरोप बस्छ रे, पिआर छ रे,' थाहा पाएको जति जानकारी दिइन्।
'ए हे भनेपछि पिआर वाला काकासँग हुने भयो बिहे? पहिला त नेपालमै बस्ने भन्थी, विदेश पो जाने अब,' निराशापनलाई लुकाउँदै जवाफ फर्काएँ।
'खै के के हो, उसको भाग्यमा तिमी थिएनौ होला सायद, पछि पछुताउँछे होला पक्कै,' ऊ मेरै पक्षमा थिइन्।
'खै के हो, जे होस् राम्रै होस्,' मैले भनेँ।
'निम्तो आउँछ होला तिमीलाई, आशीर्वाद दिन जानू ल,' जिस्काउन थालिन्।
'हाहा बिहे भाँड्छ भनेर बोलाउँदिन होली, ठिकै छ राम्रै सुन्न पाइयोस्, तिमीलाई पनि धन्यवाद है खबर पुर्‍याएकोमा,' यति भन्दै ऊसँगको कुराकानी टुङ्गाएँ।
भूपू नै भए पनि मन परेकी थिई, आत्मैदेखि रोजेको थिएँ, बिहे हो रे भन्दा कता कता नरमाइलो त लाग्दो रहेछ तर के गर्नु, चित्त बुझाउनै पर्‍यो।
एक दिन काम गरिरहेको थिएँ, एउटा नयाँ नम्बरबाट फोन आयो।
'हेल्लो संगम, चिन्यौ म फलानी (मेरी भूपू),' उताबाट आवाज आयो।
'उम चिनेँ, के छ सन्चै छौ? कताबाट सम्झियौ आज?' जवाफ फर्काएँ।
'ठिकै छ अनि तिमी काम गर्नी एयरपोर्टमा हो है?' आत्तिँदै सोधी।
'उम हो एयरपोर्टमै, किन नि?' प्रश्न गरेँ।
'मेरो टिकटको नाम मिस्टेक परेछ जानै दिएन के, मिलाइदेऊ न है प्लिज,' रिक्वेस्ट गरी।
एक मनले गर्दिनँ भने पनि उसको प्लिज काट्न कहाँ सक्थें र? ऊ जाने एयरलाइन्सको स्टाफलाई रिक्वेस्ट गरी नाम सच्याउन लाइदिएँ।
उसको काम बन्यो। ऊ खुसी हुँदै भनी, 'धन्यवाद संगम, धन्न तिमी थियौ र काम बन्यो।'
ऊ अङ्गालो मार्न आई तर मलाई मन थिएन। अनि 'धन्यवाद तिमीलाई नै। हो, तिमी नभएको भए म यहाँ हुँदिन थिएँ सायद। सबै कुराको धन्यवाद पाउँछौ तिमीले, विगतमा जे भयो वर्तमान र भविष्य सुखद रहोस्' भन्दै शुभकामना दिएँ।
ऊ गई चेक इनतर्फ।
मनमनै भनेँ- धन्यवाद भूपू माया, तिमीलाई धेरै धन्यवाद।

